का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३४३
- २२ माघ २०७८, शनिबार
- 5 February 2022, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह


Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# ओली–नेपाल चुनावी तालमेल कति सम्भव ?





“ एकीकृत समाजवादीका नेता झलनाथ खनालले नेपाली कांग्रेससँगको चुनावी गठबन्धन टुटे एमालेसँग सहकार्य हुने बताए पनि सहकार्यको सम्भावना नरहेको एमाले नेता भट्टराई बताउँछन् ।



एमालेसँग समाजवादीको चुनावी एकता हुँदैन, बरु अन्य राजनीतिक दलसँगको सहकार्यमा हामी अघि बढ्छौं ।

**विशाल भट्टराई**
नेता, नेकपा एमाले



अहिले एमालेसँग सहकार्य हुन सक्दैन, ओली एकदमै ईगासेन्ट्रिक छन्, यो कांग्रेसलाई घुक्र्याएर गठबन्धन जोगाउने रणनीति मात्रै हो ।

**विष्णु दाहाल**
राजनीतिक विश्लेषक

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ माघ

नेकपा एमाले र नेकपा एकीकृत समाजवादीबीच आगामी चुनावमा कुनै खालको सहकार्य हुन नसक्ने देखिएको छ । एकीकृत समाजवादीका नेता झलनाथ खनालले नेपाली कांग्रेससँगको चुनावी गठबन्धन टुटे एमालेसँग सहकार्य हुने बताए पनि सहकार्यको सम्भावना भने नदेखिएको हो । नेता खनालले कांग्रेससँग सम्बन्ध टुटे पनि अन्य वैकल्पिक शक्ति र एमालेबीच सहकार्य हुनसक्ने बताउँदै आएका छन् ।

तर, नेकपा एमालेका नेता एवं संसदीय दलका मुख्य सचेतक विशाल भट्टराईले भने एमालेसँग कुनै खालका सहकार्य गर्न नसकिने बताएका छन् । 'एमालेसँग समाजवादीको

– बाँकी पृष्ठ २ मा

# वर्षा र हिमपातले जनजीवन कष्टकर

काठमाडौं उपत्यकाका डाँडासहित देशका धेरै उच्च पहाडी र हिमाली जिल्लामा हिमपात भएपछि जनजीवन कष्टकर बनेको छ ।



*तल्लो डोल्पाको मुड्केचेला गाउँपालिकाको प्रशासकीय केन्द्र नर्कुमा भारी हिमपात । हिउँ परेकाले अन्नबाली राम्रो उत्पादन हुने किसान बताउँछन् । तस्बिर: हेमन्त केसी/रासस*

**यामराज विष्ट/मध्यान्ह**
काठमाडौं, २१ माघ

देशभर भएको मोसमी प्रणालीको प्रभावका कारण विभिन्न जिल्लामा हिमपात भएको छ । हिमपातले जनजिवन कष्टकर भएको छ भने यातायात सेवा पनि अवरुद्ध भएको छ। सुदुरपश्चिमका पहाडी भेगमा भएको हिमपातले अन्नबालीमा राम्रो गर्ने भएकाले किसान भने खुशी भएका छन्।

काठमाडौं उपत्यकाका डाँडासहित देशका धेरै उच्च पहाडी र हिमाली जिल्लामा हिमपात भएको छ । पानी परेसँगै काठमाडौंको चन्द्रागिरि, फुल्चोकीसहित हुम्ला, दैलेख, सोलुखुम्बु, बझाङ, बाजुरा, बैतडी, डोटी, दार्चुला लगायत जिल्लाका उच्च हिमाली तथा पहाडी क्षेत्रमा हिमपात भएको हो ।

सुदूरपश्चिममा अहिलेसम्म तेस्रो पटक हिमपात भएको छ । यसअघि माघ दोस्रो हप्ता र गएको पुसमा पनि सुदूरपश्चिमका उच्च पहाडी तथा हिमाली जिल्लामा हिमपात भएको थियो । हिमपातसँगै चिसोले त्यस क्षेत्रको जनजीवन कष्टकर भएको छ ।

दैलेखमा लगातारको भरी वर्षा र हिमपातका कारण जनजीवन कष्टकर बनेको छ। बिहीबार रातिदेखि जिल्लाका ११ वटै स्थानीय तहका उच्च भुभागहरुमा हिमपात भएको हो। वर्षा र हिमपातसँगै जिल्लामा चिसो पनि ह्वातै बढेको छ ।

हिउँ जमेपछि सर्वसाधारण घरबाहीर निस्कन नसकेको र चिसो बढेको दैलेखका होटल व्यवसायी शिवराज जैसीले मध्यान्हलाई बताए । दैलेखका विभिन्न ठाँउमा भारी वर्षासँगै हिमपात भएपछि यातायात सेवासमेत प्रभावित भएको छ। वर्षाले पशुपंक्षीलाई समेत समस्या भएको कृषकहरुले बताएका छन् ।

दुई दिन यतादेखि लगातार भैरहेको वर्षाका कारण दैलेख सदरमुकामलगायत जिल्लाभरका विभिन्न सडकसँगै बाटोघाटोहरु हिलाम्य भएका छन्। पानी र हिलोका कारण सडकमा आवतजावत गर्ने सानादेखि ठुला सवारी साधान तथा पैदल यात्रीलाई समेत यात्रा गर्न सकस भएको छ ।

हिमपातका कारण बझाङको टेलिफोन सेवा, यातायात सेवा र विद्युत सेवा समेत

– बाँकी पृष्ठ २ मा

# विद्यालय सञ्चालनमा अन्योल



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

कोरोना भाइरसको नयाँ भेरियन्ट 'ओमिक्रोन' संक्रमण बढेपछि बन्द भएका विद्यालय फागुन १ गतेदेखि सञ्चालन गर्ने विषयमा छलफल भएको छ । सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यालयमा शुक्रबार विद्यालय सञ्चालनबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रधानमन्त्री कार्यालय, संघीय मामिला मन्त्रालय, स्वास्थ्य, तथा जनसंख्या मन्त्रालय, अभिभावक महासंघ, प्याब्सन, एनप्याब्सनका प्रतिनिधिबीच छलफल भएको हो । छलफलका क्रममा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर जोखिम कम हुने ठाउँमा फागुन १ गतेदेखि विद्यालय खोल्नुपर्ने निष्कर्ष निकालिएको बताइएको छ ।

बैठकमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर जोखिम कम हुने ठाउँमा फागुन १ गतेदेखि विद्यालय खोल्न पाउनुपर्ने माग उठेको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले जानकारी दिए । उनका अनुसार यसको जिम्मा डिसिएमसी र स्थानीय तहलाई दिनुपर्ने लगायत विषयमा पनि छलफल भएको थियो । यसको थप निर्णय भने सिसिएमसीको बैठकले लिने छ । आगामी आइतबार सिसिएमसीको बैठक बस्ने छ । शिक्षामन्त्री देवेन्द्र पौडेलले पनि यसअघि नै लामो समयसम्म विद्यालय

“ स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर जोखिम कम हुने ठाउँमा फागुन १ गतेदेखि विद्यालय खोल्नुपर्ने निष्कर्ष निकालिएको छ । तर यसको थप निर्णय सिसिएमसीको बैठकले गर्नेछ ।

बन्द गर्न नहुने बताएका थिए । उनले अवस्था हेरेर विद्यालय खुलाउने प्रक्रियामा जान भनेकाले मन्त्रालयले पनि विद्यालय लामो समय बन्द गर्नु नहुने धारणा राखेको प्रवक्ता शर्माले बताए ।

डीसीसीएमसीको समन्वयमा स्थानीयले विद्यालय सञ्चालन गर्ने विषयमा निर्णय गर्न अधिकार दिनुपर्ने कुरा भएको नेपाल अभिभावक महासंघका अध्यक्ष सुप्रभात भन्डारीले बताए । विद्यालय सञ्चालन गर्ने नगर्ने भन्ने विषयमा सबैले केन्द्रले रोकिराख्न नहुने उनको भनाइ थियो ।

कोरोना संक्रमणदर फेरि बढेपछि सरकारले पुस २७ गतेदेखि माघ १५ सम्म देशभरिका विद्यालय बन्द गर्ने निर्णय गरेको थियो। जोखिम कायमै भएपछि विदा लम्ब्याएर माघ मसान्तसम्म पुऱ्याएको छ ।

गाउँपालिका राष्ट्रिय महासंघका महासचिव वंशलाल तामाङले संक्रमणको अवस्था हेरि स्थानीय तहले विद्यालय सञ्चालन गर्न पाउनुपर्ने माग गरेको बताए । संघीय सरकारले संक्रमणको अवस्था राम्रोसँग ख्याल नगरी विद्यालय बन्द गर्दा गाउँघरका विद्यालयमा ठूलो असर परेको उनले बताए । तर पछिल्लो समय संक्रमणभन्दा त्रासकै कारण विद्यालय बन्द गर्दा यसको सिधा असर दूरदराजका विद्यालयमा परेका छन् ।

यसअघि निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल 'प्याब्सन'ले माघ १२ गते शिक्षामन्त्री पौडेललाई भेटेर माघ २३ पछि विद्यालय खोल्न दिनुपर्ने माग गरेको थियो । अहिले विद्यालयहरुले अनलाइन कक्षा भने सञ्चालन गरेर पठनपाठन जारी राखेका छन् ।

# म्यानपावर वर्गीकरण सिफारिस कार्यदल फिर्ताको माग आन्दोलन शुरूवात गरिएको मञ्चको घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आवद्ध वैदेशिक रोजगार व्यवसायीहरूले म्यानपावर कम्पनीलाई वर्गीकरण गर्ने गृहकार्य फिर्ता लिन माग गरेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले म्यानपावर कम्पनीलाई वर्गीकरण मापदण्ड बनाउन बिहीबार सहसचिव राजिव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।

कार्यदलमा वैदेशिक रोजगार कार्यालयका प्रमुख, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक तथा म्यानपावर कम्पनीका प्रतिनिधि सदस्य रहने मन्त्रालयले जनाएको छ । कार्यदलले म्यानपावर कम्पनीलाई विभिन्न समूहमा वर्गीकरण गर्न मापदण्ड तथा सूचकहरु तयार गर्ने बताइएको छ ।

## वैदेशिक रोजगार विशेष

शुक्रबार राजधानीमा आयोजित व्यवसायी भेलामा मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले सिण्डिकेट खडा गरी सीमित वैदेशिक रोजगार व्यवसायीहरूले मात्र कामदार पठाउन पाउने गरी म्यानपावर कम्पनीको वर्गीकरण गर्न थालिएको दाबी गर्दै वर्गीकरणको कार्य खारेजी गर्नुपर्ने माग गरे ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ स्वेच्छाचारी ढंगले अघि बढेको आरोप लगाउँदै कार्यवाहक अध्यक्ष भण्डारीले मन्त्रालयले वर्गीकरणको प्रक्रिया नरोके मञ्चले आन्दोलन अघि बढाउने बताए । उनले मलेसियाका केही व्यक्ति, मन्त्री र केही व्यवसायीबीचको मिलेमतोमा वर्गीकरण शुरूवात गरेको र बंगलादेशको जस्तै २५ वटा एजेन्सी छान्ने योजना बनाइएको दाबीसमेत गरे । सेवा शुल्क नपाएको अवस्थामा दश हजारमा कामदार पठाउन नसकिने पटक-पटक बताइरहेको अवस्थामा म्यानपावर कम्पनीका कार्यालयमा युट्युवर पठाउनु 'हलो अड्काएर गोरू चुट्ने' रणनीति भएको उनको भनाइ थियो ।

मञ्चका पूर्वअध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीले वैदेशिक रोजगार व्यवसायीहरू फरक-फरक एजेन्डामा रहेको विश्लेषण गरेर मन्त्रालयले व्यवसायी वर्गीकरणको योजना बनाएको भन्दै मन्त्रालयको योजना असफल पार्न विभिन्न उद्देश्यमा बाँडिएका व्यवसायीबीच बलियो एकता आवश्यक रहेको बताए ।

– बाँकी पृष्ठ २ मा

# सुरक्षा सुशासन र विकासको पूर्वशर्तः प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री एवं रक्षामन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा रक्षा मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक बसेको छ।

रक्षा मन्त्रालयमा शुक्रबारको बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषदको सचिवालय, प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समिति लगायतका निकायबाट दोस्रो त्रैमासिक अवधिमा हासिल भएका प्रगति प्रतिवेदन प्रस्तुत भएको थियो।

समीक्षाको दोस्रो त्रैमासिक अवधिमा रक्षा मन्त्रालय र अन्तर्गतका निकायबाट चालु खर्चतर्फ वित्तीय प्रगति ५३.२४ र पुँजीगत खर्चतर्फ वित्तीय प्रगति १३.९५ तथा भौतिक प्रगति १६ प्रतिशत हासिल भएको मन्त्रालयले जनाएको छ। बैठकमा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र चुनौती तथा समाधानका सम्भावित उपायबारे समेत गहन छलफल भएको थियो।

सो अवसरमा प्रधानमन्त्री देउवाले महत्वपूर्ण कार्यक्षेत्र रहेको रक्षामन्त्रालय, मातहतको नेपाली सेना र अन्य निकायबाट चालु अर्थिक वर्षको हालसम्मको अवधिमा हासिल भएका मुख्य उपलब्धिको समिक्षाले आगामी दिनमा परिणाम हासिल हुने गरी आवश्यक निर्णय लिन सहज हुने बताए।

सुरक्षा सुशासन र विकासको पूर्वशर्त भएकाले भरपर्दो सुरक्षा प्रवन्ध नभई विकास निर्माणका कार्यलाई सहजरुपमा अघि बढाउन नसकिने बताउदै उनले नागरिकलाई भयरहित वातावरणमा जीवनयापन गर्न सक्ने अवस्था सुनिश्चित गर्न आवश्यक रहेको उल्लेख गरे। राष्ट्रिय सुरक्षा नीति र राष्ट्रिय प्रतिरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्दै समग्र राष्ट्रिय सुरक्षा प्रणालीलाई बलियो बनाउन मन्त्रालय क्रियाशिल रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले भने, 'मुलुकको आर्थिक विकासमा रणनीतिक महत्व राख्ने काठमाडौं -तराई/ मधेश द्रूतमार्ग लगायतका राष्ट्रिय सडक कोरिडर निर्माण समयमै सम्पन्न हुनेछ।' उनले राष्ट्रिय गौरव र महत्वपूर्ण सडक पूर्वाधार निर्माणका लागि आवयक पर्ने स्रोत साधन अभाव हुन नदिन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिए।

राष्ट्रिययोजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेले विकास निर्माण तथा मन्त्रालयका अन्य कार्यक्रमको वित्तीय र भौतिक प्रगतिबीच सामाञ्जस्यता ल्याउन निर्देशन दिए। मुख्यसचिव शंकरदास वैरागीले सेनाले विश्व शान्ति स्थापनाका लागि गरेको योगदानको प्रशंसा गरे। प्रधानसेनापति प्रभुराम शर्माले सेनाले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, द्रूतमार्गलगायतका आयोजना तोकिएको समयमै सम्पन्न गर्न तयार रहेको प्रतिबद्धता जनाए।

मन्त्रालयका सचिव किरणराज शर्माले मन्त्रालयका कार्यक्रम र आयोजना तोकिएको समयमा सम्पन्न गर्न आवश्यक समन्वय, सहयोग र सहजिकरण प्राप्त भएकाले निरन्तरताको खाँचो औंल्याए।

बैठकमा अर्थ, भौतिक पुर्वाधार तथा यातायात, वन तथा वातावरण मन्त्रालयका सचिवले आ-आफनो क्षेत्रमा आवश्यक पर्ने सहयोग, समन्वय र सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका पदाधिकारी र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्षसमेतको सो अवसरमा सहभागिता थियो।

# 'संसद्मा समिति प्रणाली : राष्ट्रिय सभा विशेष' पुस्तक सार्वजनिक



**काठमाडौं/मस-**संसदमा समिति प्रणाली (राष्ट्रियसभा विशेष) पुस्तकमा राष्ट्रियसभाका समितिमा चार वर्ष नेतृत्व गरेका सभापति र सभाको समावेशी स्वरूप प्रतिविम्बित हुनेगरी छनोट गरिएका अन्य सदस्यका दृष्टिकोणलाई एकीकृत गरिएको छ।

संसद्का समिति प्रणालीको अवधारणा मात्र नभई आफ्नै अभ्यासलाई उजागर गर्न प्रयास गरिएको उक्त पुस्तकमा समिति प्रणालीको विकास र अन्तरराष्ट्रिय अभ्यासको नमूनाका रुमपा अस्ट्रेलिया, अमेरिका र भारतको संसदीय समिति प्रणालीलाई विज्ञको नजरबाट चिनाउन खोजिएको छ।

संसदीय प्रणाली र हाम्रो आफ्नै अभ्यासको अध्ययन-अनुसन्धान र अभिलेखीकरण आवश्यक रहेको महसूस गरी संघीय संसद्का समितिले स्थापित गरेको अभ्यास, चुनौती र आगामी बाटो तय गर्नका लागि पुस्तक उपयोगी हुने राष्ट्रियसभा सचिव एवम् पुस्तकका सम्पादक राजेन्द्र फुँयालले बताए।

संसदीय समितिका चार सभापति, दुई सदस्य, सचिव र तीन विषयविज्ञका समितिसम्वन्धी अनुभव र अनुभूतिसम्वन्धी लेख समेटिएको उक्त कृतिमा सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्ध, दीगो विकास, प्रत्यायोजित व्यवस्थापन, अपाङ्गता भएका व्यक्तिको अधिकार र प्रतिनिधित्व, कानूनभन्दा विभेद शक्तिशाली, समिति प्रणालीको प्रभावकारिता, तथा विदेशमा माथिल्लोसभा समिति प्रणालीजस्ता विषयबस्तु समेटिएको लेख छन्।

संसदीय व्यवस्थामा संसदीय गणितबाट नै कार्यपालिकाको जन्म भएकाले जनताको प्रतिनिधित्व, नागरिक आकाङ्क्षाको अभिव्यक्ति र तदनुरूपको कानुननिर्माणका अतिरिक्त संसद्मा बहुमतप्राप्त प्रधानमन्त्रीको नेतृत्वमा गठन हुने सरकारमाथि वित्तीय नियन्त्रणका लागि संसदीय समितिको प्रभावकारी भूमिकासम्वन्धी विषय समावेश छ।

संघीय संसद् सचिवालय प्रकाशक रहेको उक्त कृतिको समिक्षा कार्यक्रममा सचिवालयका महासचिव डा.भरतराज गौतमले यसभित्र संसदीय समितिका सभापतिका अनुभव तथा संसद्मा समिति प्रणालीबारेका विचार समेटिएको बताए।

एक प्रसंगमा उनले भने, 'सञ्चारजगत संसद्का लागि दोस्रो अङगकारुपमा रहेको छ। पहिलो संसद् हो, दोस्रो पत्रकार हो। राज्यका सबै अंगका ध्यान कुनै न कुनैरुपमा पत्रकारका गतिविधितर्फ नै केन्द्रित भएको पाइन्छ।'

पारदर्शिताको प्रवर्द्धन, कार्यकारी तहबाट हुने नीति, निर्णय र विकास-निर्माणको अनुगमन (ओभरसाइट)जस्ता अनगिन्ती काम संसद्को पूर्णइकाइबाट मात्रै सम्पादन गर्न सम्भव नहुने भएकाले संसद्ले प्रयोग गर्ने अधिकारलाई व्यावहारिकरूपमा प्रयोग गर्न संसदीय समितिको अभ्यास गरिएको हो। अध्ययन, अनुसन्धान तथा आन्तरिक व्यवस्थापनका काम गर्न, विधि निर्माणलाई वस्तुनिष्ठ बनाउने उद्देश्यले मसिनो गरी छलफल गर्न संसद्मा विभिन्न समिति गठन गर्ने अन्तरराष्ट्रिय अभ्यास रहेको पुस्तकमा उल्लेख छ।

प्रतिनिधिसभाका समिति कार्यक्षेत्रगतरूपमा गठन हुने र राष्ट्रियसभाका समिति विषयगतरूपमा गठन हुने अभ्यास स्थापित भएको छ। राष्ट्रपतीय प्रणालीमा विकास भएको सुनुवाइ समिति नेपालको सन्दर्भमा संघीय संसद्को दुवै सदनको संयुक्त समितिका रूपमा क्रियाशील छ।

सार्वजनिक लेखा समिति बाहेक प्रतिनिधिसभाका सबै स्थायी समितिले आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विधेयकमा दफावार छलफल हुन्छ भने राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले मात्रै विधेयकमाथिको दफावार छलफलको नवीनतम् अभ्यास पनि शुरु गरेको छ।

यस्ता अभ्यासले व्यवस्थित अध्ययन र अभिलेखीकरणले लोकतान्त्रिक प्रणालीको सुदृढीकरण, विधिको शासनको, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

# कोरोना महामारीमा महिला हिंसा वृद्धि




**काठमाडौं/मस-** कोरोना भाइरसको महामारीका बेलामा पनि महिला विरुद्धको हिंसाका घटनामा बढेको पाइएको छ। राष्ट्रिय महिला आयोगमा पदाधिकारीको एक वर्ष पुगेको अवसरमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा यही माघ २ गतेदेखि २० गतेसम्म मात्र २९४ वटा महिलाविरुद्ध भएका घटना दर्ता भएको जानकारी दिइएको हो।

आयोगका अध्यक्ष कमला पराजुलीले यही माघ महिनामा भौतिकरुपमा उपस्थित भएर घटना दर्ता गराउनेको मात्र तथ्यांक भएको र टोल फ्री नम्बरबाट पनि त्यतिकै घटनाका उजुरी दर्ता भएको बताइन्। आयोगले गम्भीर प्रकृतिका घटना स्थलगत अनुगमन गरी नेपाल सरकारलाई सुझाव प्रदान गरी पीडितलाई सहयोगसमेत प्रदान गरेको छ।

सातै प्रदेशका विभिन्न जिल्लामा गई विभिन्न सेवा प्रदायक निकायको अनुगमन गरेको छ। एक वर्षमा भएका हिंसाका घटनामा आयोगले सहयोग गरेको छ। त्यसमा गोदावरीमा मट्टीतेल खन्याई जलाइएकी मुना मगरलाई लैंगिक हिंसा निवारण कोषबाट रु पाँच लाख उपलब्ध गराइएको छ। डोटीमा मट्टीतेल खन्याई जलाइएकी लक्ष्मी भाटलाई लैंगिक हिंसा निवारण कोषबाट पाँच लाख उपलब्ध गराइएको छ भने बलात्कारको प्रयास भएकी महिलालाई सोही कोषबाट तीनलाख रुपैयाँ उपलब्ध गराइएको छ।

स्वयम्भुमा बोक्सीको आरोपमा चरम यातना दिइएकी महिलालाई कोषबाट पाँच लाख उपलब्ध गराइएको छ भने काठमाडौं जोरपाटीबाट सडकमा अलपत्र परेका वृद्ध दम्पत्तिलाई उद्धार गरी वृद्धाश्रममा पुनःस्थापना गरेको छ।

त्यस्तै, आयोगले मानसिक समस्या भइ समयमै उपचार नपाइ खोरमा थुनिएकी फाल्गुनन्द गाउँपालिका-४ चिलिङ्गदिनकी ३५ वर्षीया नन्दकुमारी नेम्वाङको यही माघ ९ गते उद्धार गरी काठमाडौंमा पुनःस्थापना गृहमा राखी उपचार गरिरहेको छ। आयोगले सरकारका सरोकारवाला निकायसँग कोरोनाको महामारीका समयमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागि उच्चस्तरीय समिति र सरोकारवालासँग छलफलसमेत गरेको छ।

# १८ करोड २७ लाख राजस्व छली, चार विरुद्ध मुद्दा




**काठमाडौं/मस-** राजस्व अनुसन्धान विभागले १८ करोड २७ लाख रुपैयाँ बिगो बराबरको राजस्व छली गरेको आरोपमा चारजनाविरुद्ध उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ।

यसरी मुद्दा चलाइएकामा काठमाडौंको चुच्चेपाटी बस्ने ब्रिङ मिडिया डिष्ट्रिब्युसन प्रालिका सञ्चालक चन्द्रबहादुर अधिकारी, काठमाडौं महानगरपाकिला-१० बस्ने स्टार इण्डिया प्रालि भारतका आधिकारीक बिक्रेता जुपिटर मिडियाका सञ्चालक अञ्जली अरोरा, ब्रिङ मिडियाका व्यवस्थापक सुरेन्द्र क्षेत्री र सुमन क्षेत्री रहेका छन्।

सो कम्पनीले विभिन्न फर्म/कम्पनीबाट वस्तु तथा सेवा बेगरको कर बिजक मात्र लिई, सम्झौताअनुसारको आय लुकाई राजस्व छली गरेको विभागले शुक्रबार एक सूचना जारी गरी जनाएको छ। उक्त कम्पनीको नाममा खोलिएका बैंक खातामा जम्मा भएको रकमलाई वास्तविक कारोबारमा समावेश नगरी नपाउने खर्चसमेत दावी गरेको पाइएको छ। यस्तै मूल्य अभिवृद्धि करतर्फ क्रेडिट दाबी र आयकरतर्फ खर्च दाबी गरी मूल्य अभिवृद्धि कर तथा आयकर छली गरेको विभागको अनुसन्धानमा खुलेको जनाइएको छ। विभागले बिगो असुल उपर गरी शतप्रतिशत जरिवाना तथा कैद सजायको माग गरेको छ।

# आर्थिक विवादले तीन जनाको हत्या

मोरङ/मस- मोरङको धनपालथानमा दुई र ललितपुर को गोदावरीमा एकजनाको हत्या गर्ने आरोपीलाई प्रहरीले प्रकाउ गरी शुक्रबार सार्वजनिक गरे को छ। जिल्ला प्रहरी कार्यालय मोरङमा आज आयोजित पत्रकार सम्मेलनमा मोरङको धनपालथान गाउँपालिका-७ उखुबारीमा सुनसरी धरान-३ का ४८ वर्षीय राजेन्द्रकुमार श्रेष्ठ र सप्तरी शम्भुनाथ-४ का ३२ वर्षीय शम्भुकुमार चौधरी शव गाडे को र गोदावरी-१२ ठेचो चरङ्खेलस्थित गोदाम घरमा ६३ वर्षीय, तेह्रथुम संकान्ति -२ घर भई हाल काठमाडौं-३ गोठाटार बस्ने मोहन लिम्बूको हत्या गरी गाडेको आरोपमा ती तीन जनालाई पक्राउ गरीसार्वजनिक गरिएको छ।

यसरी पक्राउ पर्नेहरूमा मुख्य आरोपी सिरहा नगरपालिका-२१ घर भई हाल काठमाडौं बल्खु बस्ने ३१ वर्षीय अनिलकुमार मण्डल, मोरङ धनपालथान गाउँपालिका -७ का कमलपुर पश्चिम टोल बस्ने ६२ वर्षीय नासिर आलम र मोरङ जहदा गाउँपालिका-४ सिसवनी बस्ने २९ वर्षीय अमित साह भन्ने दीनानाथ सोनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक जनार्दन जिसीले जानकारी दिए।

चौधरी र श्रेष्ठको लास गाडेको अवस्थामा धनपालथान गाउँपालिका-६ दिलीप सिंहरीको उखुबारीमा शङ्कास्पद माघ १२ गते फेला परेको र लिम्बूको लास ललितपुर गोदावारी-१२ ठेचोमा गाडेको अवस्थामा माघ २० गते फेला परेको थियो।

हत्याका आरोपितहरूले लिम्बूलाई मङ्सिर २८ गते, श्रेष्ठलाई पुस ५ र चौधरीलाई पुस ७ गते डोरी र मफलरको प्रयोग गरी हत्या गरी लास छिटो गलोस् भन्नका लागि नून प्रयोग गरेका थिए। हत्याका आरोपी मण्डलले आर्थिक कारोबारको विवादले हत्या गरेको र अन्य दुईजनालाई हत्या गर्न रकम प्रदान गरी सहयोग लिएको प्रहरीले जनाएको छ।

निजहरूले तीनवटा लासलाई गाड्नका लागि एकै प्रकृतिको खाल्डो खन्ने र पुर्नका लागि खन्ती र कोदालोको प्रयोग गरेको उपरीक्षक जिसीले जानकारी दिए।

आरोपीहरूले श्रेष्ठ र चौधरीलाई गाडेको स्थानबाट १०० मिटर उत्तर कमलपुर जाने नहरमा हत्या गरेका प्रहरीले जनाएको छ। प्रहरीले हत्यामा प्रगोग गरिएको ६ पोका नून र एक थान कोदालो बरामद गरेको छ। प्रहरी गहन अनुसन्धान र मोबाइलमा भएको कुराकानीका आधारमा आरोपीहरूलाई पक्राउ गर्न सफल भएको हो।

आरोपीमध्ये मण्डललाई यही माघ २० गते काठमाडौं बल्खुबाट, आलम र सोनारलाई माघ २० गते विराटनगर-१७ मटेरुवा र विराटनगर-५ दामाबन्दीबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/१०/२२

यस कम्पनीको मिति २०७८/०४/०४ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम साविक कम्पनी **रेशम शिवशक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २०१९७७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एस.ए.आर. बिल्डर्स एण्ड सप्लार्यस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## ओली....

चुनावी एकता हुँदैन, बरु अन्य राजनीतिक दलसँगको सहकार्यमा हामी अघि बढ्छौं,' नेता भट्टराईले भने। उनले कांग्रेसले गठबन्धन टुटाउला भन्ने डरले समाजवादीले घुर्की लगाएको पनि बताएका छन्।

एमाले र समाजवादी भर्खरै छुट्टिएर गएको हुँदा चुनावमा पनि एकताको कुनै सम्भावना नदेखिएको राजनीतिक विश्लेषक विष्णु दाहाल बताउँछन्। 'अहिले एमालेसँग सहकार्य हुन सक्दैन, ओली एकदमै ईगासेन्ट्रिक छन्, यो कांग्रेसलाई घुर्क्याएर गठबन्धन जोगाउने रणनीति मात्रै हो,' विश्लेषक दाहालले भने। उनले कांग्रेसलाई दबाब दिएर एमसीसी पास हुन नदिने र गठबन्धनलाई बलियो बनाई राख्ने रणनीतिमा लागेको बताएका छन्। एकअर्काको रिसिइवीका कारण पार्टी नै फुटाएका नेताहरुबीच तत्काल सहकार्य नहुने भने प्रष्ट छ।

कस्तो बन्ला चुनावी गठबन्धन

राजनीतिक दलहरु क्रमश हुने तीन तहको चुनावको तयारीमा जुटे पनि चुनावमा आफ्नो पक्षमा राम्रो मत कसरी ल्याउने भन्नेमा भने स्पष्ट भइसेकका छैनन्। नेपाली कांग्रेस आफैंमा बलियो हुँदा केही स्थान बाहेकमा गठबन्धन गरेर अघि बढ्ने देखिँदैन। त्यसैगरी एमाले भने महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग गठबन्धन गर्ने रणनीतिमा छ। त्यसैगरी माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी एकठाउँमा जाने सम्भावना देखिएको विश्लेषक दाहाल बताउँछन्। राजनीतिक दलका नेताहरु चुनाव जित्ने रणनीतिमा लागे पनि उत्कृष्ट नतिजा कसैको पनि आउने देखिँदैन।

समानुपातिक व्यवस्थाका कारण कसैको पनि बहुमतको सम्भावना नदेखिएकाले आगामी चुनावपछि पनि मिलीजुली सरकार गठन हुने दाहालको भनाइ छ। एकअर्कालाई हराएर आफू कसरी अघि बढ्ने दाउमा लागेका राजनीतिक दलको कार्यशैलीबाट जनमानस भने सन्तुष्ट देखिँदैन। चुनाव जित्नका लागि अनेक किसिमका सहकार्य गरेपनि जनताको मन जित्न भने काम नै गरेर देखाउनुपर्ने कतिपयको भनाइ छ।

## वर्षा...

ठप्प भएको छ। बैतडी-बझाङ जोड्ने जयपृथ्वी राजमार्ग अन्तर्गत ढोल्यामोड श्रीभावर लगायतका दर्जनभन्दा बढी ठाउँमा बाक्लो हिउँ परेको छ।

त्यस्तै दार्चुलाको उच्च भूभाग शिखर, देवथली, पनेबाजलगायत धेरै ठाउँमा हिमपात भएको छ। भारी हिमपातका कारण पहाडी जिल्लाका जनजीवन कष्टकर बनेको छ भने हिउँ परेसँगै पहाडी जिल्लाका उच्च क्षेत्रमा अत्याधिक चिसो बढेको छ।

यस्तै डोटीको खप्तड, गोलादेउ, नापानी, चर्केकोलेक, बडिकेदारथान, अल्याडी, चौरीबाज, ओखरखाली, मुस्ताल, देउताल, शिखरगाथ क्षेत्रमा बिहीवारदेखि हिमपात भइरहेको छ। यस्तै, सोलुखुम्बुको सदरमुकाम सल्लेरीसहितका क्षेत्रमा भारी हिमपात भइरहेको छ। सडकमा बाक्लो हिउँ जमेका कारण गाडी चल्न सकेको छैन भने काठमाण्डौलगायत बाहिरी जिल्लामा जाने गाडी छुट्न सकेका छैनन्।

यसैबीच कर्णाली प्रदेशको हिमाली जिल्ला हुम्लामा हिमपात हुँदा जनजीवन कष्टकर बनेको छ। हिमपातका कारण हवाई उडान प्रभावित भएको छ। नेपालगञ्ज र सुर्खेतबाट उडानमार्फत गरिँदै आएको खाद्यान्न ढुवानी हिमपातका कारण रोकिएको छ। हिमपात भएपछि किसान भने खुसी भएका छन्। हिमपात र वर्षाले गहुँलगायत हिउँदेबाली सप्रिने भएकाले किसान खुसी भएका हुन्।

यसैगरी मकवानपुरको दामन-सिमभञ्ज्याङ क्षेत्रमा शुक्रबार रातिदेखि बाक्लो मात्रामा हिमपात भएको छ। योसँगै यसवर्ष यस क्षेत्रमा तेस्रोपटक हिमपात भएको हो। त्यस क्षेत्रमा करिब एक फिटसम्म हिउँ जमेको इलाका प्रहरी कार्यालय पालुङ्गले जनाएको छ। हिउँ परेपछि अहिले त्रिभुवन राजपथ बन्द भएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हाल हेटौंडाबाट जाने सवारीलाई गोलमोडमा र पालुङतर्फबाट आउने सवारीलाई दामनमा रोकिएको छन्।

डोटीमा बिहीबार रातिदेखि परेको बाक्लो हिमपातका कारण सुदूरपश्चिम प्रदेशका सात पहाडी जिल्ला जोड्ने भीमदत्त राजमार्ग बन्द भएको छ। राजमार्ग बन्द भएपछि दजनौं गाडी तथा यात्रुहरु अहिले यहाँको गैरा तथा बुडर बजारमा राकिएका छन्। यस राजमार्ग अन्तर्गत डोटीको चौखुट्टैमा बाक्लो हिमपात हुँदा बाजुरा, अछामबाट तराई जान आएका तथा तराईबाट पहाड जान हिँडेका गाडी तथा यात्रु बीचबाटोमै अलपत्र परेका छन्।

यसैबीच रुकुमपूर्वको माथिल्लो क्षेत्रमा पुनः हिमपात भएको छ। जिल्लाको हिमाली र उच्च लेकाली क्षेत्रमा हिमपात भएको हो। जिल्लाको पुथाउत्तरगङ्गा गाउँपालिकाको अधिकांश क्षेत्र, सिस्ने र भूमे गाउँपालिकाको माथिल्लो क्षेत्रमा बिहीबारदेखि हिमपात भएको छ। हिमपातका कारण विकास निर्माणका कामकाज सञ्चालन ठप्प भएका छन्। यस वर्ष जिल्लामा सातौं पटकसम्म हिमपात भइसकेको छ।

बढ्दो चिसो र हिमपातलाई मध्यनजर गरेर महाशाखाले पनि वर्षा र हिमपातका कारण चिसो थप बढ्नसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ। आज शनिबार पनि देशभर आंशिकदेखि सामान्य बदली रही सबै प्रदेशका केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको देखिएको विभागले बताएको छ। आइतबारदेखि मात्रै मौसममा सुधार आउने मौसमविद्ले बताएका छन्।

## म्यानपावर....

नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा सहमतिको नेतृत्व बन्न लाग्दा सिण्डिकेट खडा गरी चलखेल गर्न योजना बनाएको तत्वले भाँडेको भन्दै पाण्डेले सबैभन्दा पहिला व्यवसायीको नेतृत्व बलियो हुनुपर्नेमा जोड दिए। दुई करोड लगानी गरेका ५ सय ३० भन्दा बढी व्यवसायीहरूलाई पेशा व्यवसाय गर्नबाट बञ्चित गराउन ३०/३५ जना व्यवसायी सिण्डिकेट खडा गर्ने प्रपञ्चमा लागेको भन्दै पाण्डेले सिण्डिकेटका पक्षधर व्यवसायी जुनसुकै सुरक्षा कवचमा हिँडे पनि बच्न नसक्ने दाबी गरे।

मञ्चका उपाध्यक्ष मुक्तिनाथ अधिकारीले पनि श्रम मन्त्रालयले गरेको तयारीले व्यवसायीलाई समस्यामा पार्न सक्ने भन्दै व्यवसायीलाई वर्गीकरण आवश्यक नभएको तर्क गरे। व्यवसायीको स्वतन्त्रतापूर्वक पेशा गर्न पाउने अधिकारमा अंकुश लगाउन खोजे व्यवसायी एकतावद्ध भएर अगाडि आउन सक्नुपर्ने उनको भनाइ थियो।

वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटाले धरौटी बढाएर नेपालको वैदेशिक रोजगारमा सिण्डिकेटको शुरूवात गरिएको भन्दै त्यो सफल नभएपछि अहिले वर्गीकरणको कुरा आएको दाबी गरिन्। भिजिट भिसाको समस्या देखाएर व्यवसायीमाथि प्रहार गरिएको उनको भनाइ थियो। व्यवसायीहरू राजनीतिक रूपमा विभाजित हुन नहुनेमा जोड दिँदै अध्यक्ष देवकोटाले पार्टीगतरूपमा ठुलाठुला कुरा गर्ने तर व्यवसायीका मुद्दामा पछि हट्ने प्रवृत्तिलाई चिनेर व्यवसायी एकतावद्ध हुन सक्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा मञ्चका उपाध्यक्ष हरिश कुँवरले मुलुकको अर्थतन्त्रको आधारका रूपमा रहेको वैदेशिक रोजगार व्यवसायलाई कम आक्न नहुने भन्दै व्यवसायीलाई वार्षिकरूपमा कामदार पठाउने संख्या तोक्ने, वर्गीकरण गर्ने प्रवृत्तिविरूद्ध व्यवसायी एक भएर लडाईंमा जानुको विकल्प नरहेको बताए। कार्यक्रमको सञ्चालन महासचिव डिक बहादुर खत्री (कुमार)ले गरेका थिए।

मञ्चका कार्यवाहक अध्यक्ष भण्डारीले शुक्रबारदेखि मञ्चले वर्गीकरण र सिण्डिकेटविरूद्धमा आन्दोलन शुरूवात गरेको भन्दै मञ्चले वैदेशिक रोजगार क्षेत्रमा क्रियाशील सबै संस्थासँग संस्थागत छलफल गरेर थप निर्णय दिने बताए। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले भने कम्पनीहरूको वर्गीकरण गर्दा वैदेशिक रोजगारमा संलग्न इजाजतपत्रवाला संस्था (म्यानपावर कम्पनी) कुन राम्रो र कुन नराम्रो भनेर छुट्याउन सजिलो हुने व्यवसायीहरूलाई बताएका छन्।

# विशेषज्ञको दरबन्दी भएर पनि जनशक्ति नहुँदाको पीडामा रामपुरवासी

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), २१ माघ



सुन्दा पनि अचम्म लाग्दछ, पाल्पाकै सरकारी तवरको ठूलो रामपुर अस्पतालमा विशेषज्ञसहितको सरकारी दरबन्दी रहेर पनि जनशक्तिको अभावमा नागरिकले उक्त सेवा लिन पाएका छैनन् ।

दरबन्दी भएर पनि जनशक्ति अभावमा बिशेषज्ञ सहितको सेवा सुविधा लिन कालीगण्डी वेशीका नागरिक अन्यत्र जानुपर्ने बाध्यता यतिखेर 'कागलाई बेल पाक्यो हर्ष न विष्मात्' भन्ने उखानसँग ठ्याक्कै मिलेको छ।

पचास शय्याको अस्पतालका रुपमा चिनिएको यस अस्पतालमा बिशेषज्ञ डाक्टरको दरबन्दी भएर पनि नागरिकले सदरमुकाम तानसेन, बुटवल, पोखरा, काठमाडौंमै जानुपर्ने समस्या टरेको छैन । यी स्थानमा सेवा लिन सडक समस्याले वर्षायाममा यात्रा गर्न निकै कठिन पर्छ ।

कतिपयले त अकालमा बाटोमा नै मृत्युवरण गर्नु परेको छ भने कतिपयको आर्थिक अभावका कारण घरमै उपचार नपाएर ज्यान गुमाउनु परेका उदाहरण पनि छन् ।

अस्पतालमा निर्माणाधिन भवन समयमा नै सम्पन्न नहुनु अर्कोतर्फ भुगोलका हिसावले ग्रामीण भेग। पाल्पाको सदरमुकाम तानसेनदेखि रामपुर करिव ६५ किलोमिटर पूर्वमा अवस्थित हुँदा ग्रामिण क्षेत्र रहेको हुनाले पनि विशेषज्ञ डाक्टर यहाँ आएर नागरिकलाई सेवा दिन झट्ट तत्पर हुँदैनन् । अस्पतालमा विशेषज्ञसहितको सेवा उपभोगमा भूगोल र भवन अभाव बाधक बनेको छ ।

यसअघि प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा सञ्चालित हुदै आएकोमा औषधोपचार सेवाको दायरा बढाउन विसं २०७२ मा पचास शय्याको अस्पतालका रुपमा स्तरोन्नति भएको हो । अझैपनि भौतिक पूर्वाधार लगायतका सेवा अभावका कारण बिशेषज्ञ सेवा दिन भने समस्या परेको छ ।

यहाँका नागरिकलाई अस्पतालको भवन निर्माणको काम कहिले सकिएला र ? भन्ने चिन्ताको विषय बनेको छ। अर्कोतर्फ अस्पतालमा विशेषज्ञ दरबन्दी भएर पनि स्वास्थ्य उपचार सेवा नपाउनु बिरामीको लागि अत्यन्तै दुखद कुरा रहेको बताउँछन्, शहीद बहुमुखी क्याम्पस रामपुरका अध्यक्ष देवराज ढकाल । स्वास्थ्य उपचार जस्तो संवेदनशील कुरामा सम्बन्धित निकायको वेवास्ताका कारण नागरिकले बिशेषज्ञ सहितको सेवा सुबिधा पाउनबाट वञ्चित हुनु परेको उनको भनाई छ ।

भवन निर्माण कम्पनीको चरम लापरबाहीले गर्दा पटक-पटक म्याद थप गर्ने, यहाँको भवन निर्माणको काममा आलटाल गर्दा नागरिकले सहज रुपमा सेवा नपाउँदा सास्ती खेप्नु परेको अस्पताल विकास समितिका पूर्व उपाध्यक्ष तथा स्थानीयवासी फणेश्वर गौतमले गुनासो पोखे । भौतिक संरचना अभावमा साँघुरो संरचनामा बसेर सेवाग्राहीलाई सेवा दिन समस्या परेको अस्पतालका निमित्त मेडिकल सुपरीटेण्डेन डा. विजय परियार बताउँछन् ।

पन्ध्र शय्याको क्षमतामा सञ्चालित रामपुर अस्पतालमा घरदैलोमै स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले क्षमता बढाएर पचास शय्याको सुविधा सम्पन्न भवन निर्माण कार्य थालनी गरिएको हो। स्वास्थ्य क्षेत्र नागरिकको पहिलो प्राथमिकता भएकाले कालीगण्डकी वेशीका पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुर गरी चार जिल्लाका नागरिकलाई लक्षित गरी विगत छ वर्ष अघि पचास शय्याको अस्पताल निर्माण कार्य अगाडि बढाइयो। निर्माण कार्यको समय लम्बिदै गएपनि अस्पताल भवनको संरचना निर्माण कार्य भने अहिले पनि सुस्त गतिमा बढेको छ ।

विसं २०५२ मा प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा स्थापना भई रामपुरमा स्वास्थ्य उपचार सेवा सञ्चालनमा ल्याइएको हो । प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा आएपछि यहाँका नागरिक त्यस समय औधी खुशी थिए ।

गाउँमा प्राथमिक स्वास्थ्य केन्द्रबाट औषधी उपचार सेवा शुरु भएपछि घरायसी उपचारमा आश्रित नागरिकहरु स्वास्थ्य केन्द्रमा धाउन थाले । सेवाको क्षेत्रलाई विस्तार गरी ०६७ मा पन्ध्र शय्यामा स्तरोन्नति भई सेवा दिदै आएको यस अस्पताल ०७२ मा पचास शय्याका रुपमा स्तरोन्नति भई हाल अस्पतालका रुपमा सञ्चालन हुँदै आएको छ ।

नेपाल सरकारको रु २२ करोड २२ लाख पाँच हजार ३८३ को अनुमानित लागतमा टेन्डर आह्वान भएकोमा रबिना कन्स्ट्रक्सन प्रालि काठमाडौंसँग करिव साढे १८ करोड रुपैयाँको लागतमा सम्झौता भई सो भवन निर्माण भइरहेको छ ।

आर्थिक वर्ष ०७२/०७३ को पुसबाट निर्माण कार्य शुरु गरिएको सो अस्पताल भवनको हालसम्म निर्माण व्यवसायीका अनुसार ९५ प्रतिशत मात्र भौतिक कार्य प्रगति सम्पन्न भएको दाबी छ । तर संघीय आयोजना कार्यान्वयन इकाई कार्यालय भैरहवाका अनुसार करिव ९० प्रतिशत मात्रै काम सम्पन्न भएको बताइएको छ । विसं २०७५/०७/१६ गते नयाँ भवन निर्माणको काम सम्पन्न गर्ने अन्तिम मिति रहेपनि समयमा नै निर्माणको कार्य सम्पन्न हुन नसकेपछि पटक पटक म्याद थप गरी निर्माण कार्य अघि बढाइएको छ। काममा आलटाल गर्ने कम्पनीले कोभिड १९ को असरले गर्दा दुई वर्षको समय निर्माण कार्यमा बाधा पुगेको जनाएको छ। निर्माण कम्पनीका इन्जिनियर महम्मद अन्सारुका अनुसार आउँदो चैत सम्ममा काम सक्ने योजना छ। कोभिड १९ ले गर्दा निर्माण कार्यमा ढिलाई भएको भवनमा अहिले रंगरोगन, झ्याल ढोका राख्ने कम भइरहेको र चैत मसान्त भित्र निर्माण सकेर भवन अस्पताललाई हस्तान्तरण गर्ने अन्सारु दाबी गर्छन् ।निर्माण कम्पनीले काममा ढिलाई गरेपछि कार्यालयले पटक पटक पत्राचार गरेर काम छिटो सम्पन्न गर्न ताकेता गरिरहेको संघीय आयोजना कार्यान्वयन इकाई कार्यालय भैरहवाका इन्जिनियर ध्रुब पौडेलले बताए ।

कम्पनीले नै काम समयमा नै नगरिदिदा भवन अभावको समस्या झेल्नु परेको अस्पताल विकास समितिका अध्यक्ष वासुदेव भट्टराई बताउँछन् हाल अस्पतालमा स्थायी र करारमा विभिन्न विभागमा कार्यरत ७२ जना कर्मचारी छन् । अस्पतालमा ५९ जना स्थायी दरबन्दी रहनुपर्ने भएपनि चार जना मेडिकल सुपरीटेण्डेन, एक/एक जना रेडियोलोजिष्ट, लेखापाल, स्टाफनर्स, प्रशासन सहायक, फार्मेसी निरीक्षक रहेका छन् । अन्य कर्मचारी करारमा नियुक्त गरी सेवा दिइएको प्रशासन सहायक हिरा विक बताउँछन् ।

अस्पतालमा नौ जना बिशेषज्ञ डाक्टरको दरबन्दी छ । प्रसुती, बच्चाबच्चीको उपचार सेवा, रेडियोलोजिष्ट (एक्सरे), जनरल फिजिसियन, एनसथेसियालोजिष्ट (अप्रेसन गर्दा बेहोस बनाउने), कन्सल्टटेन अर्थोसर्जन, कन्सल्टटेन सर्जन, कन्सल्टटेन साइक्याट्रिक्स (दिमाग सम्बन्धी) जस्ता बिशेषज्ञ सेवा तोकिएको छ। तर दरबन्दी अनुसारका डाक्टरको अभावमा विशेषज्ञ सेवा दिन सकिएको छैन ।

अस्पतालमा एघारौं तह (एक जना प्रमुख मेडिकल सुपरीटेण्डेन) डाक्टरको दरबन्दी छ । यस अस्पतालमा स्थायी दरबन्दीमा एक जना मात्रै विशेषज्ञ मेडिकल सुपरीटेण्डेन डाक्टर बुद्धिबहादुर थापाले विसं २०७२ भदौ ५ देखी ०७३ साउन ६ गते सम्म कार्यरत रही सेवा दिनु भएको कार्यालयको तथ्यांकमा उल्लेख छ।

त्यसयता डा. सुलभ प्रधान ०७३ साउन ७ देखी ०७४ साउन १४ गतेसम्म, डा. कथितराज घिमिरे ०७४ साउन १४ देखी ०७५ भदौ ३१ सम्म, डा. बिनेश झा ०७५ असोज १ देखि ०७६ पुस ५ सम्म निमित्त मेडिकल सुपरीटेण्डेन भएर सेवा दिएका छन् । सोही जिम्मेवारीमा रहेर डा. विजय परियारले ०७६ पुस ६ गतेदेखी हालसम्म निरन्तर रुपमा कार्यालयमा बसेर सेवा दिँदै आएका छन् ।

विशेषज्ञ सेवा दिने अस्पतालले अझैपनि जनशक्ति र भवन अभावको कारण देखाउँदै सेवा दिन नसक्नु अस्पताल विकास समिति र प्रदेश सरकारको कमजोरीपन देखिएको स्थानीयवासी ओमप्रकाश रेग्मी बताउँछन् ।

रामपुर नगरपालिका भित्र अस्पताल अवस्थित रहेपनि प्रदेश सरकारबाट सञ्चालिन हुने भएकाले स्थानीय निकाय संघ समितिले समन्वय नगर्ने र प्रदेश सरकारले अनुगमन, निगरानीमा तदारुकता नदेखाउँदा नागरिकले स्वास्थ्य क्षेत्रमा झमेला खेप्न बाध्य रहेको नगर प्रमुख रमणबहादुर थापा बताउँछन् ।

जनस्वास्थ्य सेवा नियमावली २०७७ भित्र जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले प्रत्येक मेडिकल कलेजले मन्त्रालयले तोकेको कम्तीमा एउटा जिल्लाको जिल्लास्तरिय अस्पतालमा शल्य चिकित्सा सहितको विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्ने उल्लेख गरेको छ ।

तरपनि अस्पतालको रुपमा स्वीकृत भएर स्तरोन्नती भएपनि सेवाको दायरा बढाउन नसक्नु लाजमर्दोको विषय बनेको छ ।

# प्रवासी नेपाली एकता मञ्च कतारद्वारा दोहा नगर कमिटी गठन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ माघ



प्रवासी नेपाली एकता मञ्च कतारले आफ्नो संगठन बिस्तारलाई तीव्रता दिएको छ । मञ्चको संगठन विभागद्वारा शुक्रबार एक कार्यक्रम आयोजना गरी दोहा नगर कमिटीगठन गरिएको हो ।

बैठकले विस्तारित नगर कमिटीको अध्यक्षमा बुद्धिचन्द राजवंशी (झापा) लाई चयन गरेको छ भने उपाध्यक्षमा अब्दुल सामद मिया (कास्की) र अर्का उपाध्यक्ष एसान्नुल्लाहा मुसलमान( कपिलवस्तु) लाई चयन गरेको छ । त्यस्तै कमिटीको सचिवमा अब्दुल मोकिम (कपिलवस्तु), उपसचिव जनम बर्देवा (झापा) र कोषाध्यक्ष केबल वि.क (मोरङ) लाई चयन भएका छन् । कमिटीका सदस्यहरूमा क्रमशः राजकुमार चन्द(मोरङ), नवराज श्रेष्ठ (धादिङ), कृष्णदिप कुमाल(गुल्मी), महिबुल्ला मुसलमान (कपिलवस्तु) भीम क्षेत्री (नवलपरासी), अनिल गौतम(मकवानपुर) र अख्तरहुसेन (रुपन्देही) लाई चयन गरेका छ ।

मञ्चका अध्यक्ष रामहरि गैरेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता संगठन विभागका संयोजक गणेश ढकालले गरेका थिए ।

सचिवालय सदस्य तोयानाथ पौडेलले सहजिकरण गरेको उक्त कार्यक्रममा सल्लाहकार परिषद्का अध्यक्ष नरेश श्रेष्ठले शुभकामना तथा बधाई मन्तव्य राखेका थिए प्रमुख अतिथि गैह्रेले नवगठित कमिटीलाई बधाई तथा शुभकामना दिएका थिए । कार्यक्रममा मञ्चका महासचिव थम गिरी र उपाध्यक्ष याशिन मामालगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

# पोखरा विश्वविद्यालयले दुई महिनाभित्र शिक्षण अस्पताल सञ्चालन गर्ने

**पोखरा/मस-** पोखरा विश्वविद्यायले दुई महिनाभित्र शिक्षण अस्पताल सञ्चालन गर्ने भएको छ। शुक्रबार पोखरामा विश्वविद्यालयका पदाधिकारी र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडलेलसँगको नीतिगत छलफलपछि विश्व विद्यालयले दुई महिनाभित्र शिक्षण अस्पताल सञ्चालन गर्ने निर्णय गरेको हो ।



विश्व विद्यालयले गण्डकी प्रदेश त्यस आसपासका क्षेत्रका मेडिकल कलेजहरूलाई सम्बन्धन दिने र अन्य विश्वविद्यालयमा पढाइ नभएका विषय समावेश गर्ने छलफल भएको विश्व विद्यालयका रजिष्ट्रार दीपक भण्डारीले जानकारी दिए ।

विश्वविद्यालयमा पिजियोथेरापी र अप्टोमेटिप विषयको अध्यापनको तयारी भइरहेको उनले बताए । त्यसका लागि अहिले भौतिक संरचनाको काम भइरहेको छ । यसअघि बसेको विश्वविद्यालयको सभाले नयाँ विषय र मेडिकल कलेजको सम्बन्ध दिने विषयमा समेत निर्णय गरिसकेको थियो ।

छलफलमा मन्त्री पौडेलले मुख्यगरी तीन विषयमा ध्यान दिन आग्रह गरे । भौतिक पूर्वाधार, नयाँ विषय र अन्य विश्व विद्यालयभन्दा फरक कोर्स तयार गर्न उनको सुझाव छ। विश्वविद्यालय सुधारका लागि कुलपति तथा प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि आवश्यक छलफल गर्ने मन्त्री पौडेलको भनाइ छ ।

'विश्वविद्यालय सुधारका लागि अन्य विश्व विद्यालयका पदाधिकारसँग छलफल भइरहेको छ,' उनले भने, 'नयाँ योजना र नीतिगत विषयलाई जोड दिनुस्, आवश्यक परे प्रधानमन्त्रीसँग कुरा गर्छु ।'

# घरघरमा कोरोना खोप

**ललन कुमार चौरसिया**
रौतहट, २१ माघ

मधेस प्रदेसका चार जिल्लाका नागरिकहरुको घरघरमा शुक्रबारदेखि कोरोनाविरुद्धको खोप लगाउन शुरु गरिएको छ ।

सरकारले थालेको खोप अभियानअन्तर्गत मधेस प्रदेशका रौतहट, सर्लाही, महोत्तरी र धनुषामा घरघरमा गई नागरिकहरुलाई कोरोना भाइरस विरुद्धको खोप दिन थालिएको हो ।

आड्रा नेपाल र बागमती सेवा समाज सर्लाहीको आयोजना तथा स्थानीय सरकार र प्रदेश सरकारको समन्वयमा यी चार जिल्लाका गर्भवती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त र शारीरिक रुपमा फरक क्षमता भएका करिब ३२ हजार नागरिकलाई कोरोनाविरुद्धको पहिलो खोप लगाउने कार्यक्रमको मधेस प्रदेशका सामाजिक विकासमन्त्री नवल किशोर यादवले उद्घाटन गरेका हुन् ।

नेपाल सरकारले आगामी चैतसम्ममा शत्प्रतिशत नागरिकलाई कोरोनाविरुद्धको खोप लगाइसक्ने लक्ष्य अनुसार स्थानीय सरकार र प्रदेश सरकारको साझेदारीमा यी चार जिल्लाका गर्भवती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, शारीरिक रुपमा अशक्त र फरक क्षमता भएका नागरिकलाई घरघरमै पुगेर सहज रुपमा खोप लगाउने व्यवस्था गरिएको हो ।

आड्रा नेपाल र बागमती सेवा समाजको समन्वयमा चार जिल्लालाई चारवटा मोबाइल गाडीको व्यवस्था गरी घुम्ती खोप सेवा सञ्चालन गरिएको छ । हरेक एक जिल्लामा एक गाडीको व्यवस्था गरिएको संस्थाले जनाएको छ ।

# ३५ लाख ६८ हजार ठगी गर्ने पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले ३५ लाख ६८ हजार रुपैयाँ ठगी गर्ने एकजनालाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले काठमाडौंको कालीमाटीस्थित साइनिङ स्टार सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेडमा जम्मा गरेको निक्षेप रकम फिर्ता नदिई ठगी गने काठमाडौं स्वयम्भूका ४८ वर्षीय पञ्चमान महर्जनलाई बिहीबार पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो ।

ब्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक श्यामकुमार महतोले निक्षेपकर्ताको रकम सम्बन्धित व्यक्तिलाई नदिई सो संस्थाका पदाधिकारी एवम् सञ्चालकलाई आर्थिक लाभ हुने गरी जग्गा खरिद गरी ठगी गरेकाले सो संस्थाका लेखा समितिका संयोजकसमेत रहेका महर्जनलाई पक्राउ गरिएको जानकारी दिए । काठमाडौं जिल्ला अदालतको विसं २०७३ असार १९ गतेको फैसलाअनुसार महर्जनलाई ६ महिना कैद सजाया र बिगोबमोजिम ३५ लाख ६८ हजार रुपैयाँ जरिवाना हुने फैसला सुनाएको थियो। पक्राउ महर्जनलाई फैसला कार्यान्वयनका लागि शुक्रबार काठमाडौं जिल्ला अदालत पेस गरिएको प्रवक्ता महतोले बताए ।


**बेलबारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेलबारी, मोरङ**

**१ नं प्रदेश, नेपाल**

**दरभाउपत्रदाता स्वीकृत गर्ने आसयको सूचना**

**प्रकाशित मिति २०७८/१०/२२**

यस नगरपालिकाको **Supply and Installation of Air Conditioner** खरीद कार्यका लागि यस कार्यालयमा दर्ता भएका दरभाउपत्रदाता मध्ये तपशिल बमोजिमका दरभाउपत्रदाताको प्रस्ताब सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) बमोजिम स्वीकृत गर्ने आसयको सूचना जानकारीका लागि सूचित गरिन्छ ।

**तपशिल**

| सि.नं. | परामर्शदाताको नाम | कार्यको नाम/ठेक्का नं. | कबोल अंक (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | सि.पि.एन ईंन्फोसिस प्रा.लि ईटहरी सुनसरी | Supply and Installation of Air Conditioner (BM/MOR/G/SQ-12-2078-79) | रु ९,७५,००३।५५ (अक्षरेपि नौ लाख पचहत्तर हजार तिन रुपैया पचपन्न पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :**
श्री रोहन सप्लयर्स, सुन्दरहरैचा, मोरङ ।
श्री रोहित जेनेरल स्टोर, सुखिपुर, सिरहा ।


# वडाध्यक्षद्वारा पाँच वर्षको तलब भत्ता विद्यालय र बालबालिकालाई

**भक्तपुर/मस-** भक्तपुरस्थित सूर्यविनायक नगरपालिका एक वडाध्यक्षले पाँच वर्षको तलब भत्ता विद्यालयलाई दिएका छन् । वडा नं ८ का वडा अध्यक्ष किरण थापामगरले आफू जननिर्वाचित भएदेखिको पाँच वर्षे कार्यकालमा पाएको सम्पूर्ण तलब भत्ता एवं पारिश्रमिक विद्यालयलाई सहयोग प्रदान गरेको हो ।



विद्यालयमा आएका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्न तथा शैक्षिक सामग्री किन्न नसक्ने बालबालिकालाई शैक्षिक सामग्री प्रदान गर्ने उद्देश्यले विद्यालयमा स्थापना भएको 'जगत भैरव प्रतिष्ठान' लाई पाँच वर्षको तलब भत्ताबापतको रकम १५ लाख हस्तान्तरण गरेको हो ।

वडाध्यक्ष थापामागरले भने, 'मैले आफू जनप्रतिनिधि भएपछि पाएको पाँच वर्षको सम्पूर्ण तलब, भत्ता गरी १५ लाख यस विद्यालयका लागि स्थापना भएको 'जगत भैरव प्रतिष्ठान' को अक्षय कोषलाई आजकै मितिबाट हस्तान्तरण गरेको छु, अब यो क्षेत्रमा कोही पनि गरिब विद्यार्थीले शुल्क तिर्न नसकेर वा शैक्षिक सामग्री नभएर पढाइबाट वञ्चित हुनुपर्दैन ।'

सूर्यविनायक नगरपालिकाले वडाध्यक्षलाई एक सवारीसाधन (मोटरसाइकल), उक्त साधनका लागि पेट्रोल र बैठक भत्ता उपलब्ध गराउँदै आएको थियो । नगरपालिकाबाट पाउने कुनै पनि सुविधा नलिएको बताउँदै उनले भने, 'म वडाध्यक्ष भएपछि नगरपालिकाले दिएको सवारीसाधन पनि लिइन, मैले नगरपालिकाबाट एक रुपैयाँको तेल पनि लिएको छैन, मैले तलब भत्ता पनि लिन्न भनेको थिएँ, तर सांसद महेश बस्नेतले तलब भत्ता लिएर सामाजिक कार्यमा लगाउनुस् भन्ने सुझाव दिएपछि उक्त रकम मैले गरिब विद्यार्थीका शिक्षाका लागि खर्च गर्ने गरी अक्षयकोषलाई हस्तान्तरण गरेको छु ।' अक्षयकोषमा निक भुजिकिक हाउजिङ प्रालिले १० लाख, भ्यामो घ्याङ हाउजिङ प्रालिले १० लाख र प्रतिष्ठानका अध्यक्ष द्वारिकाप्रसाद सत्यालले एक लाख सहयोगसहित एकै दिन अक्षयकोषमा ३७ लाख रुपैयाँ जम्मा भएको छ ।


**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।




नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## कथा

# ब्ल्याकमेल

खुसुक्क विक्रान्तले लाइब्रेरीमा पसेर रूपेश र म जीस्कनु, इत्रिनु गरिरहेको अवस्थाको फोटो र पाँच सेकेण्डको भिडिओ बनाउन भ्याएछ । जसमा रूपेशले मेरा ओठमा स्वाइ खाइरहेका लाजमर्दो दृश्य प्रस्टै देखिन्थ्यो । त्यही भिडिओ र फोटो देखाएर उ हामीलाई धम्क्याउदै थियो । सिधै भनौं उ हामीलाई 'ब्ल्याकमेल' गरिरहेको थियो ।



■ बद्री अधिकारी

चराचुरुङ्गीको चिरविर चिरविर आवाजले शान्त वातावरणलाई बिथोली रहेको थियो । मेरो आँखामा उसको मुहार नाँची रहकोले गर्दा बाहिरी वातावरणको मनमोहक दृश्यले मलाई आकर्षित गर्न सकिरहेको थिएन । प्रिय वस्तु टाढा भएपछि मानिसको मनलाई बिथोल्न काफी हुँदोरहेछ । साँच्चै मेरो मन पनि उसको पर्खाइमा बेचैन हुँदै थियो । मेरो बेचैनीलाई कस्ले बुझ्ने ! आफ्नै मान्छेले नबुझे पछि ! म यो कुरा कसैसँग साझा गर्नपनि सक्दिनँ र सक्ने कुरा पनि भएन । मेरी आमा मेरो सबै कुराको साझेदार हुँदाहुँदै पनि मेरो र उस्को माया प्रेमका कुरा सुनाउन सकिरहेकी थिइनँ । मेरी आमाले उस्लाई पनि निकै माया गर्नु हुन्थ्यो, गाउँको असल केटा ठानेर । हामी एउटै क्याम्पस पढ्दै थियौं । बि.ए.को दोस्रो वर्षमा । आज उस्ले मलाई बेतना सिमसार बोलाएको थियो । सिमसारको गेटले मलाई पनि अरूलाई जस्तै उभिएर स्वागत गरिरहेको थियो । म टिकट काटेर भित्र प्रवेश गरेँ । गोरेटो बाटोको दायाँबायाँ विभिन्न जातका फूलहरू फुलेका देखिँदै थिए । नजिकै रहेको सभाहलमा आउने जाने मानिसहरू दोहोरो क्रम चलिरहेको थियो । अगाडि बढ्दै मैले हातमा रहेको मोबाइलमा आँखा डुलाएँ । म आइपुगेको ३० मिनेट बितिसकेछ । प्रतिक्षाले मान्छेमा बेचैनी बढ्दो रहेछ । छट्पटीले धेर्यता गुम्दो रहेछ । मेरो बेचैनी मन उसँग क्रोधित हुँदै थियो । अवश्य आउनेछ भन्ने भरोसाले उप्रति क्रोधित भएको मेरो मनलाई सान्त्वना दिइरहेको थियो । म अलिकता मास्तिर लागेँ । छेकेर बनाइएको पोखरीमा मछ्राहरू खेलिरहेका देखिँदै थिए । उस्को प्रतिक्षामा छट्पटीएको मेरो मनलाई पोखरीमा आहाराको खोजिमा सलबलाई रहेका माछ्राको मनमोहक दृश्यले शान्ति प्रदान गरिरहेको थियो ।

यस्तो रमणिय स्थानको अबलोकनले केही समय मनको पीडाबाट मुक्ती मिल्दोरहेछ । साच्चै मान्छेको मन पनि बिछट्टको हुँदोरहेछ । त्यो मनमोहक दृश्यावलोकनले समय ब्यतित भएको मलाई हेक्कानै भएन । अचानक आफ्ना आँखा कसैका हातले पछाडी उभिएर छोपिदिएकोले म झस्किएँ । छोप्नेका हातहरूलाई छामे । हातहरू चिनेझैं लाग्यो । असाध्यै मलाई मायागर्ने उही मेरो मायलु रूपेशपो रहेछ । मैले बिस्तारै आफ्ना आँखा बाट उस्का दुबै हात हटाउदै झर्किदै हातमा रहेको मोबाईलमा टायम हेर्दै भने । "कस्तो लाज नभएको निर्दयी मान्छे.....दुई/दुई घण्टा अर्कालाई कुर्न लगाउने ।"

"ननिरासाउ न प्यारी...आमाले घरायसी सामाग्री खरिदका लागि बजार पठाउनु भयो र पो ढिलो भयो । तिमिसँग भेट्नु छ भन्न मिलेन !" उस्ले मेरो छेउमा बस्दै मायालु स्वर ओकल्यो ।

"कति समयसम्म हाम्रो प्रेमको कुरा लुकाउने ! एकदिन त भन्नै पर्छ ।" म ठुस्स परेर रिसाएझैं गरेँ । ममा पनि परिवारलाई उस्को र मेरो माया प्रीतिको कुरा सुनाउने आँट चैं थिएन ।

मेरो हातमा खुल्ला रहेको भुजाको पोकोबाट भुजा निकाल्दै पोखरीका माछ्रालाई उ चारो हाल्न थालेथ्यो एकाग्र भएर । हाम्रो प्रेम यति झाङिई सकेको थियो कि हरेक दिन एकपटक एक अर्कासँग बोल्न पायौंन भने मणि हराएको सर्प जस्तो हुने गर्दथ्यौं । यस्लाई के भन्ने ! आसक्ति या उपाशनिय प्रेम ।

म र रूपेशबीच त्यो दिन धेरै समयसम्म प्रेमको कुरा भए । प्रेमी प्रेमिकाले समय ब्यतित भएको होसनै पाउँदा रहेनछन् । हामीलाई पनि त्यस्तै भएको थियो । अर्को शनिबार फेरि घुम्न आउने वाचाका साथ मन नलागि नलागि घर तिर लागेका थियौं ।

हाम्रो प्रेमको बारेमा क्याम्पसमा धेरै जसो विद्यार्थीलाई थाहा थियो । कतिपय शिक्षकले पनि लख काटेको हुनसक्छ । रूपेशले पनि त्यो महसुस गरेको हुनुपर्छ ! किनकी सबैको सामु उ मसँग धेरै कम बोल्न थालेको थियो । घरीघरी लाइब्रेरीमा म एक्लै भएको मौकामा उ नजिक आउथ्यो पुस्तक पढने बहानामा । यदाकदा कोही नभएको मौका छोपेर म उसको गालामा स्वाई खाइदिन्थेँ ।

"धत् के गरेको अरूले देख्छन् । त्यसै त कुरा कटनेको संख्या बढिरहेको छ ।" मेरो नाक निमोठ्दै उ मुस्कुराउथ्यो ।

म पनि मस्किदै भनिदिन्थेँ, "डर छेरूवा ।"

"नकच्चरी..." यति भन्दै उ मलाई अँगालो मारेर अफ्ना ओँठ मेरा ओठमा जोडी दिन्थ्यो । म अत्तालिदै उसलाई घचेटेर आनन्दको अनुभूत गर्दै त्यहाँबाट भागेर बाहिरिने गर्दथेँ । मैले उसँग पौँठाजोरी नखेलेको भए उसमा यति ठूलो साहस उत्पन्न हुँदैनथ्यो । म आफूले आफैलाई दोषी मान्दै मन मनै मुस्कुराउथेँ । प्रेम पनि बिचित्रको हुँदो रहेछ ! मायालुको गल्ती चैँ नदेख्ने । त्यसैले प्रेम अन्धो हुन्छ भनिएको रहेछ क्यारे ! कथन जन्मदातालाई मनमनै धन्यवाद दिएकी थिएँ । यसैगरी आनन्द साथ दिनहरू बितिरहेका थिए ।

मेरो यो खुसी सुखी जीवनमा अचानक ग्रहण लागेकोले आँखामा निन्द्रा, पेटमा भोक थिएन । आमा र मेरा साथिहरूले बारम्बार सोधिरहेका थिए, "के भयो आजकल तिमिलाई ?"

मसँग उनीहरुको प्रश्नको जवाफमा बोल्ने शब्द नै थिएनन् । म केवल असमञ्जस भावले उनीहरूलाई टुलुटुलु हेरि रहन्थेँ । भनौं कसरी ! त्यो कुरो सर्वव्यापक भयो भने ! मनमा त्यो विचार उब्जना साथ हातखुट्टा लुलिन्थे, डरले शरीर थरथरी काम्दथ्यो । मभित्रको चञ्चलता तुसारोले कठ्याङ्गीन्थ्यो । सायद रूपेशलाई पनि मेरै जस्तो भइरहेकै होला । फोनको घण्टीले मेरो तन्द्रा भंग भयो । सिरानी मुनिको मोबाइल ढल्केको अवस्थामै उठाएँ । रूपेशको फोन रहेछ ।

"हेल्लो ! तिमी निदाएकी छैनौं ?" उताबाट आएको रूपेशको बोझिलो स्वर कानमा ठोकियो ।

"उहुँ ....।" मेरो असजिलो स्वर कोठामा छरियो ।

"विक्रान्तलाइ भोलि एउटा मोबाइल किनिदिनु पर्ला ! त्यो जस्तो जोरीखोजासँग सहज रूपले पिण्ड छुटाउन सकिँदैन । मसँग भएकोले पुग्दैन होला । तीनहजार तिमिसँग छ ?"

"त्यतित पुग्छ होला ।"

भयभीत मान्छे मुक्तिको लागि झटपट तयार हुँदोरहेछ । हामीलाई मुक्ति चाहिएको थियो अनि त्यस्को बदलामा विक्रान्तलाई मोबाइल । विक्रान्त फटाहा स्वभावको र उसका साथीहरू पनि त्यस्तै थिए । हामी गाई प्राणी कसरी उनीहरूसँग भिडन्त गर्न सक्दथ्यौं । बलवानले मौका मिलाएर कमजोरसँग फाइदा उठाउदो रहेछ । विक्रान्तले पनि हामीसँग फाइदा लिइरहेको थियो । मनले नमान्दा नमान्दै पनि हामी लाचार थियौं विक्रान्तको फर्माइस पुरा गर्न ।



"जो चोर उसको ठूलो स्वर ! नत्र फेरि...।" उ हातमा भएको मोबाइल हामीलाई देखाउँदै थियो । उसको ठूलो स्वरलाई उछिन्दै म झन कड्किए, "के गर्छौ ? हाम्रो भिडिओ र फोटो तिमीसँग छ भनेर धम्क्याएको ! अब तिम्रो धम्कीले हामी डर्नेवाला छैनौं ।" यति भन्दै चितुवाको वेगले झम्टेर विक्रान्तको हातको मोबाइल खोसेर पिच सडकमा वेगले पछारेँ । हेर्दा हेर्दै मोबाइल चकनाचुर भएर छरपस्ट भयो ।

खुसुक्क विक्रान्तले लाइब्रेरीमा पसेर रूपेश र म जीस्कनु, इत्रिनु गरिरहेको अवस्थाको फोटो र पाँच सेकेण्डको भिडिओ बनाउन भ्याएछ । जस्मा रूपेशले मेरा ओठमा स्वाइ खाइरहेका लाजमर्दो दृश्य प्रस्टै देखिन्थ्यो । त्यही भिडिओ र फोटो देखाएर उ हामीलाई धम्क्याउदै थियो । सिधै भनौं उ हामीलाई ' ब्ल्याकमेल' गरिरहेको थियो । रूपेश र मैले बिक्रान्तसँग असंख्य पटक विन्तिभाउ गर्‍यौं । उसँगको हाम्रो फोटो र भिडिओ डिलेट गरिदिनु भनेर । कसाईको अगाडी बाख्राको आँसुको के अर्थ ! पटक-पटकको बिन्तिभाउ पछि उसले एउटा राम्रो मोबाइल दिएमा डिलेट गरिदिने बचन दिएको थियो ।

बाजको पन्जामा परेको परेवाले जस्तो अनुभव गर्छ, त्यस्तै अनुभूति भैरहेको थियो हामी द्वयलाई । मोबाइल दिँदा दुष्ठको पन्जाबाट छुटकारा पाउने झिनो आशले मेरो मनको एउटा कुना रमाएको थियो । सायद रूपेशले पनि शान्तिको स्वास फेर्न थालेको थियो होला ! यो मेरो अनुमान मात्र हो । जीवनमा आफूले गरेका धेरै अनुमानमध्ये कतिपय अनुमान यथार्थमा परिणत भएका थिए । झिनो यहि आशाको त्यान्द्रोको सहाराले हिमालयको उचाई छिचोल्दै सुख स्थापित गर्ने इच्छा बोकि अर्कोतिर फर्केकी थिएँ निदाउने उपक्रम गर्दै । हामीबाट मोबाइल हात पारेपछि फोटो र भिडिओ डिलेट गर्न आलटाल गर्‍यो । बचन पुरा गर भनी हामीले कर गर्दा उल्टै धम्कि दिन्थ्यो ।

"अरे बबा... दुईचार दिनभित्र गरिदिन्छु । रडाको मच्चाउने हो भने सबैतिर साझा गरिदिन्छु ।" इमानदारिताको पहिचान सिष्टतासँग जोडिएको हुन्छ भन्ने ज्ञान त्यो दिन मलाई पलाएको थियो । अभद्र मान्छे कसरी इमानदार हुन्छ ? "अर्काको भर भोकभोकै मर ।" यो उखान मेरो जीवनमा पहिलोपटक चरितार्थ भएथ्यो । विक्रान्तलाई हाम्रो फोटो र भिडिओ दुहुनो गाई भएको थियो । उसँग वैरभाव बढाउने पक्षमा पनि थिएनौं । उसको कुरा स्विकार्नु नै हाम्रा लागि हितकर थियो । हामीलाई दोहन गर्न पाउन ज्याल उसले हाम्रो कमजोरी सार्वजनिक गर्दैन भन्नेमा हामी आशावादी थियौं । उसको धुर्त्याइँ प्रतिदिन बढिरहेकोले हामी आजित भैसकेका थियौं । लाजमर्दो कुरामा साथी र आफन्तलाई सुनाएर सर सहयोग लिन सक्ने स्थिती पनि थिएन । रूपेश लोग्नेमान्छे म जति डराएको थिएन होला ! तर मेरो चै नौनारी गलेको थियो, मस्तिष्कमा यहि कुराले डेरा जमाएकोले गर्दा ।

आज शरीरभरि आलस्य छाएकोले म क्याम्पस जाने मुडमा थिइनँ । आमाले मेरो लामाकेश सुमसुम्याउदै औधी मायालु स्वरमा सोधिरहनु भयो, "आजकाल तिमिलाई के भएको छ भनेर ?"

आमाको स्नेहले मभित्र भित्रै क्रमिक रूपले पग्लदै थिएँ । अधमरो भएको मेरो शरीरभरि केही ताजापन महसुस हुँदै थियो । आमा घरी मेरो केश त घरी पिठ्युँ सुमसुम्याई रहनु भएको थियो । आमाको ममता साच्चिकै शक्तिशाली हुँदोरहेछ । शक्ति प्रदानकर्ता आमाको सामुन्ने म निष्ठुरी हुन नसक्ने अवस्थामा पुगिसकेकी थिएँ । आखिर अतीतमा मेरा सबै कुराको साझेदार र प्रिय परामर्शदाता हुनु भएकै थियो । झन अप्ठ्यारो परिस्थितिमा असल सल्लाहकार हुन नसक्ने कुरै भएन । म आमालाई झ्याम्मै अँगालो मारेर क्वाँ क्वाँ रून थाले । उहाँले पनि मलाई छातीमा टाँसेर स्नेहपूर्ण ढंगले मेरो पिठ्युँ सुमसुम्याइ रहनुभयो । केही क्षणको रूवाई पछी मैले आमालाई रूपेशसँगको प्रेम र विक्रान्तले हामीमाथि गरेको सबै अत्याचारको आद्योपान्त वर्णन गरेँ ।

